## बैठक नं. - पहिलो

मितिः २०७४।०२।१५ गते सोमबार

**निर्णयहरु :**

**निर्णय नं.**१,

मुसीकोट नगरपालिकाको १४ वटै वडा कार्यालय संञ्चालन गर्न वडा कार्यालयको स्थानको पहिचान गरि वडा समितिले ७ दिनभित्र नगर कार्यपालिकालाई जानकारी गराउने र जानकारी प्राप्त भएपछि हाललाई कार्यालय संञ्चालनको लागि न्युनतम् फर्निचर लगायतका सामाग्रीहरु उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.** २,

वडा कार्यालय संञ्चालनका लागि आवश्यक पर्ने कर्मचारी उपलब्ध गराउनको लागि प्रमुख जिल्ला अधिकारीसँग समन्वय गर्न नगर प्रमुख र कार्यकारी अधिकृतलाई जिम्मा दिने निर्णय गरियो ।

**निर्णय नं.** ३,

यस मुसीकोट नगरपालिका क्षेत्रभित्र रहेको सार्बजनिक जग्गा जमिन सार्बजनिक सम्पतिको संरक्षण गर्ने निर्णय गरियो । यसका लागि सार्बजनिक जग्गा मिच्नेलाई कानुनी कार्बाही गर्ने र त्यसका लागि सार्बजनिक सुचना समेत प्रकाशन गर्ने निर्णय गरियो ।

**निर्णय नं.** ४,

यस मुसीकोट नगरपालिकाका प्रमुख बजार तथा सार्बजनिक क्षेत्रहरुमा निर्माण गरिएका घुम्ती टहराहरु हटाउन यस अघि गरिएको र उक्त समयभित्र घुम्ती तथा टहराहरु नहटाइएकोले तत्काल हटाउने निर्णय गरियो ।

**निर्णय नं.** ५,

यस मुसीकोट नगरपालिकाका वडा कार्यालय निर्माणका लागि जग्गा उपलब्ध गराउन सक्ने ४, ७, १० र ११ नम्बर वडाहरुको डिजाइन स्टमेट गराइ निर्माण कार्य अगाडी बढाउने निर्णय गरियो । साथै उक्त कार्यका लागि नेपाल सरकारबाट निशर्त पुजिगत अनुदान भवन निर्माण र नगर क्षेत्र पूर्बाधार विकास कार्यक्रमबाट खर्च गर्ने निर्णय गरियो ।

**निर्णय नं.** ६,

स्थानीय तहको निर्वाचन सम्पन्न गर्न प्रत्यक्ष/अप्रत्यक्ष रुपमा संलग्न भएका सम्पूर्ण मतदाता, कर्मचारी, सुरक्षाकर्मी लगायत सबैलाई धन्यवाद दिने निर्णय गरियो । साथै यो उपलब्धी प्राप्त गर्न शाहदत प्राप्त गर्ने शहिदहरुप्रति हार्दिक श्रद्धान्जली ब्यक्त गर्ने निर्णय गरियो ।